# उच्च अदालत पाटनबाट जारी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण दर नेपालमा बढ्दै गइरहेकोमा नेपाल सरकारका सम्बद्ध निकायबाट जारी निषेध आदेश तथा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ मा जारी प्रेश विज्ञप्तीसमेतलाई मार्गनिर्देशनका रुपमा ग्रहण गरी यस अदालतबाट प्रवाह हुने सेवामा मिति २०७८।१।१६ देखि संकुचन ल्याईएकोमा मिति २०७८/०२/२१ को पूर्ण बैठकले थप केहीसेवा विस्तार गरेकोमा सम्मानित सर्वोच्च अदालतबाट श्रव्य-दृष्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालनसम्बन्धी निर्देशिका, २०७८ जारी भएको तथा पछिल्लो समयमा भएको बेञ्च-बारबीच भएको छलफलबाट प्राप्त पृष्ठपोषण/सुझावसमेतका आधारमा यस अदालतको मिति २०७८।०२।२१ को पूर्ण बैठकले विस्तार गरेका सेवाका अतिरिक्त मिति २०७८/०३/०६ देखि देहायका सेवाहरु थप गरिएको व्यहोरा मिति २०७८/०३/०२ को पूर्ण बैठकको निर्णयानुसार सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

क) मिति २०७८/०२/२१ को पूर्ण बैठकको निर्णयसमेतबाट संचालन गरिएका सेवाहरु (बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई, बैकिङ्ग कसूर तथा राजश्व चुहावट मुद्दामा अभियोग दर्ता, बयान र थुनछेक आदेशको कार्य, पक्राउ अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन, म्याद थप, मुद्दा फिर्ता/मिलापत्रलगायतका कार्य तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गत थुनुवाका निवेदन दर्ता र कैफियत प्रतिवेदन प्राप्त भएका थुनुवाका निवेदनसँग सम्बन्धित प्रतिवेदनहरुको सुनुवाई, साधक जाँचका निवेदन दर्ता र सोको सुनुवाई, नेपाल सरकारको पुनरावेदन परी प्रत्यर्थी झिकाउने आदेश भई नसकेका पुनरावेदनको सुनुवाई, पक्ष तारिखमा नरहेका मुद्दाहरुको सुनुवाई, बैकिङ्ग कसूरलगायतका मुद्दामा प्रतिवादी फरार रही सेवा संकुचन गर्ने अघिल्लो दिन अर्थात २०७८/०१/१५ सम्ममा उपस्थित हुने अवधि व्यतित भएका पेशी चढ्न योग्य मुद्दाहरुको सुनुवाई समेत) लाई निरन्तरता दिने।

ख) स्वास्थ्य सुरक्षाका मापदण्डको यथोचित पालना गरी दर्ताको समय निश्चित गरी सबै प्रकारका पुनरावेदनहरु निषेध आदेश कायम रहेको अवस्थामा पनि पक्षले चाहेमा मिति २०७८/०३/०६ बाट दर्ता गर्ने व्यवस्था मिलाउने।

ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गतका नेपाल सरकारको तर्फबाट परेका निवेदन तथा प्रतिवेदनको सुनुवाई आगामी हप्ताबाट गर्ने व्यवस्था मिलाउने।

घ) थुनुवा मुद्दाहरु पुरानोको क्रमानुसार आगामी हसाबाट क्रमशः भर्चुअल विधिबाट सुनुवाई गर्ने व्यवस्था मिलाउने।

ङ) विपक्षी झिकाउने आदेश भईनसकेका सरल मार्ग समूहका निश्चित संख्यामा अन्य पुनरावेदनहरुको समेत स्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्यरुपमा पालना गरी पुरानोको क्रमले क्रमशः सुनुवाई गर्दै जाने व्यवस्था मिलाउने।

च) उपरोक्त बुँदा नं. (क), (ग) र (ङ) मा उल्लेखित निवेदन, प्रतिवेदन तथा मुद्दाको सुनुवाई यथासक्य र सम्भव भएसम्म भर्चुअल विधिद्वारा गर्ने। भर्चुअल विधिद्वारा सुनुवाईको लागि सम्मानित सर्वोच्च अदालतबाट जारी भएको श्रव्य-दृष्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालनसम्वन्धी निर्देशिका, २०७८ तथा सोका आधारमा यस अदालतबाट बनाएको युजर म्यानुअलको अवलम्बन गर्ने गराउने व्यवस्था मिलाउने। कदाचित् भर्चुअल विधिद्वारा हुन नसक्ने अवस्थामा मात्र यस अदालतको मिति २०७८/०२/२१ मा प्रकाशित सूचनाबमोजिम पक्ष/विपक्षका एक/एक जना कानून व्यवसायी मात्र स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी इजलासमा उपस्थित हुन सक्ने, सो भन्दा बढी कानून व्यवसायी रहेमा एक/एक जना मात्र इजलासमा रही आलोपालो गरी बहस गर्ने व्यवस्था मिलाउने।

छ) भर्चुअल माध्यमबाट सुनुवाईको लागि कानून व्यवसायीलाई बहसमा प्राविधिक रुपमा सहजीकरण गरिदिन उच्च अदालत बार एशोसिएशन पाटनलाई समेत अनुरोध गर्ने।

ज) महामारीको जोखिमको कारणले बन्दाबन्दी भई कामकारवाही तथा सेवा स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारेखका विषयमा सम्मानीत सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको मिति २०७७/०२/१५ को आदेश तथा उक्त अदालतको २०७८/०१/१४ को पूर्ण बैठकको निर्णय अनुसार हुने।

झ) जारी निषेध आदेश कायम नरहेमा महामारीको संक्रमणको अवस्था र परिस्थितिको यथोचित मूल्याङ्कन गरी अदालतमा कार्यरत जनशक्ति समेतको संक्रमणको जोखिमको अवस्थालाई हेरी आवश्यक छलफल तथा सुझावहरुको आधारमा स्वीकृत स्वास्थ्य सुरक्षाका मापदण्डहरुको अवलम्बन गरी क्रमशः अन्य सेवाहरु प्रवाह गर्दै जाने व्यवस्था मिलाउने।

अमृता कुमारी शर्मा
प्रवक्ता

मितिः-२०७८/०३/०२